# प्रथम राष्ट्रिय सहकारी महासम्मेलन
# काठमाडौं घोषणापत्र–२०७०

**नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय, राष्ट्रिय सहकारी संघ लि. नेपाल, राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारी विभागको संयुक्त आयोजनामा मिति २०७० चैत ११–१३ गतेसम्म काठमाडौंमा सम्पन्न भएको प्रथम राष्ट्रिय सहकारी महासम्मेलनबाट जारी भएको "काठमाडौं घोषणा–पत्र २०७०"**

चितवनको वखान ऋण सहकारी संस्थाबाट शुरू भएको नेपालको सहकारी आन्दोलनप्रति आम नागरिक विश्वस्त हुने अवस्था सिर्जना भएको छ। सहकारी व्यवसाय मार्फत स्वरोजगार वृद्धि गर्दै गरिबी न्यूनिकरणमा पुऱ्याएको योगदानबाट आज सहकारी आन्दोलन आर्थिक विकासको एक स्तम्भको रुपमा देखा परेको छ। आम नागरिकको सहकारीप्रतिको उत्साह, विश्वास र आवद्धतालाई हार्दिक सम्मानका साथ यस क्षेत्रको स्थायित्व र विकासका लागि आन्दोलन प्रतिवद्ध हुदैं यो काठमाडौं घोषणा पत्र २०७० जारी गर्दछ ।

१. सहकारी मार्फत दिगो आर्थिक विकास र सामाजिक न्याय प्रत्याभूति हुने गरी संविधानमा व्यवस्था गर्न पहल गर्ने ।

२. सहकारीका विषयगत ऐनहरुको तर्जुमा गर्ने, विद्यमान ऐन, कानुन, नीति नियम, कर व्यवस्थालाई सहकारी मैत्री बनाउन पहल गर्ने ।

३. सहकारी क्षेत्रको विकास र स्थायित्वका लागि सु–शासन कायम गर्न विश्वका उत्कृष्ट अभ्यास र प्रविधिहरुलाई आत्मसाथ गर्दै सहकारीको मूल्य, सिद्धान्त र आदर्श अनुरूप सहकारी संघ/संस्था सञ्चालन गर्ने ।

४. उत्पादन, वित्तिय एवं सेवा क्षेत्रमा गुणस्तरीय सुनिश्चितताका लागि शिक्षा, तालिम र सूचना प्रणालीमा पहुँच वृद्धि गर्दै दक्ष जनशक्ति विकास गर्ने ।

५. महिला, युवा लगायत कमजोर एवम् सिमान्तकृत वर्ग, क्षेत्रका समुदायको सहभागितामा वृद्धि गर्दै आर्थिक तथा सामाजिक स–शक्तिकरण तथा समतामुलक समाज निर्माणमा सहकारी क्षेत्रको योगदानमा वृद्धि गराउने ।

६. कृषि उत्पादन, प्रशोधन र बजारीकरणमा सहकारी क्षेत्रको पहुच वृद्धि गर्दै कृषिको व्यवसायीकरण र विविधिकरण गरी खाद्य सम्प्रभुता र खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।

७. अन्तर्राष्ट्रिय सहकारी महासंघले परिकल्पना गरे अनुरुप सहकारी व्यवसायलाई उत्तम व्यवसायिक मोडेलको रुपमा स्थापित गर्न प्रयासरत रहने ।

८. राज्य र समाजको आवश्यकता अनुरुप सहकारी मार्फत विभिन्न क्षेत्रमा व्यवसाय गरी सेवा प्रदान गर्न सक्ने वातावरण निर्माण गर्न पहल गर्ने ।

९. सहकारी संघ/संस्थाको स्वायत्तता र स्वतन्त्रताको रक्षाका लागि स्वनियमनमा जोड दिदैं, सबै संघ/संस्थाहरुलाई सम्बन्धित संघमा आवद्धता गराउँदै थप सक्षम बनाई नियमन कार्यलाई प्रभावकारी बनाउनका लागि अभियानको समेत संलग्नतामा छुट्टै संयन्त्र गठन गर्न पहल गर्ने ।

१०. सहकारी अभियानको सुदृढीकरणका लागि राज्य, सहकारी क्षेत्र र सरोकारवाला निकायहरुसंग सुदृढ सम्बन्ध र सहकार्यमा वृद्धि गर्दै, पहुँच नपुगेका स्थानमा सहकारी संघ संस्थाको पहुँच वृद्धि गर्ने तथा गुणात्मक सेवा प्रदान गर्न प्रकृति र भुगोलका आधारमा सहकारी संघ संस्थाको एकीकरणमा जोड दिने ।

११. सहकारी क्षेत्रको श्रोत र साधनको अधिकतम परिचालन गर्दै उत्पादन वृद्धि, दीगो आर्थिक विकास, रोजगारी सिर्जना, गरिवी न्यूनिकरण र समतामुलक समाजको निर्माण गर्दै आगामी पाँच वर्षभित्र कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदानमा दोव्वर वृद्धि गर्ने ।